
# बार्षिक समीक्षा २०७६।७७

## मार्मा गाउँपालिका
## लटिनाथ, दार्चुला



209
493
Kothle
Dhankunne
Jaithala
Madkholagaun
Thalthali
Damra
Marma Rural Municipality
Mamati
LamaBagar
Paththarkanda
KotThala
Khakma
Chiurani
Sallethum
Nala
Khotyadera
Bagad
Sirad
Duni
Dilsaini Rural Municipality

# मार्मा गा.पा.को परिचय

- मार्मा गाउँपालिका सुदूरपश्चिम प्रदेश दार्चुला जिल्लामा अवस्थित एउटा स्थानीय तह हो । यो मार्मा गाउँपालिका दार्चुला जिल्लाको दक्षिण पुर्वी भागमा अवस्थित छ । यस मार्मा गाउँपालिकामा साविकका ५ वटा गा.वि.स.हरु(लटिनाथ,शेरी,तपोबन,गुल्जर(२-९) र सितोला(१-४ र ९))लाइ एकिकृत गरी ६ वटा वडाहरुमा विभाजन गरिएको छ । यस मार्मा गाउँपालिकाको पुर्वमा बझाङ्ग जिल्ला, पश्चिममा दार्चुलाको नौगाड गाउँपालिका तथा शैल्यशिखर नगरपालिका ,उत्तरमा अपिहिमाल गाउँपालिका र दक्षिणमा बैतडीको डिलाशैनी गाउँपालिका तथा बझाङ्गको बुङ्गल नगपालिका रहेको छ। यस मार्मा गाउँपालिकाको क्षेत्रफल २०८.०६ बर्ग कि.मि.रहेको छ। बि.स.२०६८ को जनगणना अनुसार यस मार्मा गाउँपालिकाको कूल जनसंख्या १४९५६ रहेको छ ।
- प्रकृतिको अनुपम नमुनाको रुपमा जैविक विधितता तथा प्राकृतिक सम्पदाले भरिपूर्ण र विविध जातजाती, भाषाभाषी तथा धर्मावलम्बिहरुको साझा बसोबास रहेको छ ।

# दीर्घकालीन सोच

गाउँपालिका क्षेत्र भित्रमा भौतिक पुर्वाधारहरुको विकास गरी आर्थिक, सामाजिक, सास्कृतिक एवम् प्रविधि क्षेत्रमा रुपान्तरण गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, कृर्षि,सञ्चार, सडक र विद्युतलाई उच्च प्राथमिकता दिई स्व-रोजगार सिर्जना गर्ने

# गाउँपालिकाको लक्ष्य

गाउँपालिकाको क्षेत्र भित्रका ग्रामिण सडकहरुलाई निरन्तरता एवम् विस्तार गर्दै खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि उद्योग र पर्यटन क्षेत्रको विकास गरी सम्पूर्ण गाउँ बासीहरुको जीवन स्तरमा सुधार ल्याउने

# मार्मा गाउँपालीकाको उद्देश्य

- रोजगारी तथा आर्थिक बृद्धिका लागी प्रधानमन्त्री रोजगार तथा अध्यक्ष स्वरोजगार कार्यक्रम मार्फत रोजगार सिर्जना गर्न तर्फ विशेष पहल गर्ने ।
- कृषिमा आधुनिकीकरण, यान्त्रीकरण तथा व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्वमा बृद्धि गराइ कृषिमा अत्मनिर्भर तर्फ उन्मुख गर्ने ।
- दुग्ध मासु र तरकारीमा आत्मानिर्भर बन्ने अभियान अन्तरगत कृषि कार्यक्रम मार्फत आलु पकेट क्षेत्र, ओखर पकेट क्षेत्र, स्याउ पकेट क्षेत्र, माहुरी पकेट क्षेत्र र तरकारी पकेट क्षेत्र घोषणा गरि कार्यान्वयन गरिनेछ भौतिक तथा आर्थिक पूर्वाधार बिकासका साथै स्वरोजगार कार्यक्रम मार्फत गरिबी न्यूनिकरणमा विशेष जोड दिने।
- जेष्ठ नागरिक, एकल महिला, दलित, फरक क्षमता भएका ब्यक्ती, आदिबासी जनजाती, पिछडावर्ग तथा उपेक्षित क्षेत्रको विकासमा जोड दिइ समाबेशी विकासको अवधारणालाई निरन्तरता दिने ।

# .........उद्देश्य

- यस मार्मा गाउँपालिका अन्तरगत वडा नं. १ मा रहेको परमचुली धाम, वडा नं. ४ को तपोबन तातोपानी क्षेत्र, वडा नं. ३ को लटिनाथ मन्दिर क्षेत्र तथा अन्य धार्मीक तथा पर्यटकीय क्षेत्रहरुलाइ  विकास गरी पर्यटन प्रर्बद्धनमा जोड दिने ।
- भ्रष्टाचारमा शुन्य सहनशिलताको निति अबलम्वन गरी गाउँपालिकालाई भ्रष्टाचार मुक्त गाउँपालिका बनाउने ।
- मार्मा गाउँ पालिकाको खेल मैदानको रुपमा लटिनाथ खेल मैदान निर्माण र तपोवन खेलमैदान निर्माण कार्यको लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।
- उज्यालो मार्मा कार्यक्रमलाइ चालु आ.व.मा समेत निरन्तरता दिइने छ।
- सामाजिक सुरक्षा भत्ता र बाल संरक्षण भत्ता वितरण प्रणाली लाई चुस्त दुरुस्त एवम सहज बनाउन बैकिंङ्ग प्रणालीबाट भत्ता उपलब्ध गराईने व्यवस्था मिलाउने ।
- उद्यम विकास कोष एवम स्व-रोजगार कोषको माध्यमबाट लघु उद्यम क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गरी लघु उद्यमीहरुको क्षमता विकास एवम् वेरोजगार युवाहरुलाई लघु उद्यम मार्फत स्व-रोजगार तर्फ आकर्षित गर्ने।


# आ. ब. २०७६।७७ को समीक्षा


- कृषि उत्पादनलाई बढावा दिनको निमित्त गाउँपालिका क्षेत्र भित्रका सिंचाई नपुगेका जग्गाहरुमा बृहत, साना सिंचाई तथा मझौला सिंचाई योजनाहरु निर्माण गरिएका छन् ।
- निजीस्रोत बाट संचालित माध्यमीक तह सम्मका शिक्षक व्यवस्थापनको लागि विद्यालय गुणस्तर सुधार सहजकर्ता सम्बन्धी कार्यविधि मार्फत शैक्षिक गुणस्तरमा सुधार ल्याउन प्रयास गरिएको छ ।
- उज्यालो मार्मा कार्यक्रम अन्तरगत मार्मा गाउँपालिकाको वडा नं.३ को बजानी,रील,लटीनाथ,नलाबगर,च्युँरानी वडा नं.२ को लाम्बगर,सिमार,वडा नं.४को बजकोट,मर्मती,थाम,डेडपानी,तपोबन लगायतका ठाउँमा विद्युतीकरण गरिएको छ ।
- पारीबगर गुल्जर सडक र लटीनाथ सार्सी बजानी सडकलाइ निरन्तरता दिइएको छ ।
- मार्मा गाउँपालिकाका आधारभुत तथा माध्यमिक विद्यालयहरुमा ११ वटा ब्लक निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।
- सल्लेधार मा.वि.मुरैमा सुविधा सम्पन्न विद्यालय भवन निर्माण कार्य सञ्चालनमा ल्याइएको छ ।

# समीक्षा...........


- मावन संसाधन विकास मार्फत गाउँपालिका स्तरबाट दिइने सेवा सुबिधालाई सरल, सहज, छिटो छरितो, कम मुल्य र उपयुक्त समयमा दिनको लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने तथा प्राप्त जनशक्तिलाई सेवामुखी बनाउन आवश्यक तालिम र प्रोत्साहनको व्यवस्था गरिएकोछ ।
- गाउँपालिका भित्र स्वास्थ्य सेवालाइ थप प्रभावकारी बनाउन लटीनाथ स्वास्थ्य चौकीको को स्तरोन्नती गरी डाँक्टर सहितको सेवा सञ्चालनमा ल्याइएको छ ।
- मार्मा गाउँपालिकाका प्रत्येक वडाहरुमा आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाइ केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।
- तरकारी खेतीमा आधुनिकीकरण गर्नको लागि पोलि हाउसको प्रयोग गरि तरकारी उत्पादनको थालनी गरिएको छ ।
- मार्मा गाउँपालिका वडा नं.३ को रीलमा टमाटर पकेट क्षेत्र तथा वडा नं.४ को थाममा आलु पकेट क्षेत्र तथा वडा नं. ४को बजकोटमा केरा पकेट क्षेत्रको रुपमा सञ्चालन गरिएको छ ।

# आ.ब.२०७६/७७ को एकिकृत आय रू.हजारमा ४१७५३७




आ.ब.२०७६/७७ को एकिकृत प्राप्ती रू.हजारमा ३७५५७१
१०१७००.००
१६७९०५.००
१४५२४.००
३३६०.००
२०९१९.००
७४१७.००
६९५३.००
४९५०.००
४३५५२.००
१८३५०.००
३७५९७१.००
घीय सरकार सामानिकरण अनुदान
संघीय सरकार शसर्त अनुदान चालु
संघीय सरकार विषेश अनुदान चालु
संघीय सरकार सम्पुरक अनुदान चालु
प्रदेश सरकार सामानिकरण अनुदान
प्रदेश सरकार शसर्त अनुदान चालु
प्रदेश सरकार विषेश अनुदान चालु
प्रदेश सरकार सम्पुरक अनुदान चालु
राजश्व बाँडफाड
आन्तरिक स्रोत
कुल जम्मा


# आ.ब.२०७६/७७ को एकिकृत चालु खर्च रू.हजारमा २०६५०९




आ.ब.२०७६/७७ को एकिकृत पुजिगत खर्च रू.हजारमा१४९०७६
६१८३०.००
४०७७८.००
१२१००.००
३३५०.००
२०९१९.००
४७३९.००
६६५३.००
२५५७.००
२५५१.००
८२८५.००
१४९०७६.००
संघीय सरकार सामानिकरण पुजिगत
संघीय सरकार शसर्त अनुदान पुजिगत
संघीय सरकार विषेश अनुदान पुजिगत
संघीय सरकार सम्पुरक अ. पुजिगत
प्रदेश सरकार सामानिकरण पुजिगत
प्रदेश सरकार शसर्त अनुदान पुजिगत
प्रदेश सरकार विषेश अनुदान पुजिगत
प्रदेश सरकार सम्पुरक अ. पुजिगत
राजश्व बाँडफाड
आन्तरिक स्रोत
कुल जम्मा

# २०७७|७८ को बार्षिक बजेट अनुमान

जम्मा ४५७७१४ रु हजारमा



# पेश्की बेरूजुको अवस्था

- कुल पेश्की बेरुजु रु.
- पेश्की बेरुजु फर्छ्यौट

# समस्या तथा चुनौतिहरु

- भवन निर्माण आचार संहिताको कार्यान्वयन तथा परिपालनमा कठीनाई
- आन्तरिक आय बृद्धि गर्न तथा व्यवस्थापन गर्न कठीनाई रहेको
- एकिकृत बस्ती विकास तथा व्यवस्थापन गर्न कठीनाई रहेको
- एकिकृत सम्पत्ति कर व्यवस्थापनमा कठीनाई
- गाउँपालीकाको प्रत्येक वडा कार्यालयहरुमा विद्युत तथा भवन सेवा अभावका कारण कार्यालय व्यवस्थापनमा कठीनाई रहेको ।

समाप्त

धन्यवाद